# नेपालको अन्तर सरकारी वित्त व्यवस्थापनमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी संवैधानिक र कानूनी प्रावधान

माघ २०७९

## नेपालको अन्तर सरकारी वित्त व्यवस्थापनमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी संवैधानिक र कानूनी प्रावधान

प्रकाशन वर्ष २०७९ (सन् २०२३)

*प्रकाशक*
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
कुपण्डोल, ललितपुर
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

डीआरसीएन आवधिक प्रतिवेदन – २०

सर्वाधिकार © डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

यस अध्ययनका लागि द एसिया फाउन्डेशनले आर्थिक तथा प्राविधिक सहयोग गरेको हो । यस प्रतिवेदनका सबै निचोड र विश्लेषण डीआरसीएनको अध्ययनमा आधारित छन् र तिनमा सहयोगी संस्थाको धारणा प्रतिबिम्बित भएको छैन ।

# विषयसूची


१. परिचय १

२. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यजिम्मेवारी १

३. अन्तर सरकारी वित्त हस्तान्तरण २

३.१ राजस्व वितरण २

३.२ अनुदान वितरण ५

३.२.१ वित्तीय समानीकरण अनुदान ५

३.२.२ सशर्त अनुदान ८

३.३ प्राकृतिक स्रोतको रोयल्टी वितरण ९

४. आन्तरिक ऋणका लागि आयोगको सिफारिस ९

५. निष्कर्ष १०

# १. परिचय

नेपालमा संघीय संरचनाअन्तर्गत संघ, सात प्रदेश र ७५३ स्थानीय सरकार छन् । तीन तहका सरकारको कार्यजिम्मेवारी र क्षेत्राधिकार एकल वा साझा रूपमा प्रयोग गर्ने गरी संविधानमा तोकिएको छ । संविधानको अनुसूची ५ मा ३५ विषय संघको एकल अधिकार, अनुसूची ६ मा २१ विषय प्रदेशको एकल अधिकार र अनुसूची ८ मा २२ विषय स्थानीय सरकारको एकल अधिकार हुने व्यवस्था छ । त्यसै गरी अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार तथा अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका विषय उल्लेख छन् ।[१] एकल वा साझा अधिकार दुवै सूचीमा नपरेका विषयलाई संघ सरकारको अवशिष्ट अधिकारको रूपमा व्याख्या गरिएको छ जसलाई संघ सरकारले प्रयोग गर्छ ।[२]

संघ, प्रदेश र स्थानीय सरकार बीचका अधिकार बाँडफाँटमध्ये एक वित्तीय स्रोतको वितरण हो । प्रदेश र स्थानीय तहको स्रोतसाधनमा पहुँच र अर्थिक अवस्था समान खालको छैन । संघ सरकारले ८०% भन्दा बढी राजस्व संकलन गर्छ ।[३] प्रदेश र स्थानीय सरकार आफ्ना कार्यजिम्मेवारी पूरा गर्न संघ सरकारको वित्तीय हस्तान्तरणमा निर्भर छन् । यो असमानतालाई सम्बोधन गर्न आर्थिक स्रोतको न्यायोचित र समानुपातिक वितरण हुनुपर्छ । साधन स्रोतको न्यायोचित वितरणको आधार र ढाँचा निर्धारण गरी अन्तर सरकारी वित्त व्यवस्थापन गर्न संविधानको धारा २५० ले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरेको छ । आयोगले गर्ने आर्थिक वितरणको सिफारिस तीनै तहका सरकारले कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिकालाई निर्देशित गर्न संविधानबाहेक केही कानूनी तथा नीतिगत व्यवस्था गरिएका छन् । जसमा *अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४* र *राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४* मुख्य हुन् । यसबाहेक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले *राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६* जारी गरेको छ ।

अन्तर सरकारी वित्त व्यवस्थापनमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका सम्बन्धी संवैधानिक व्यवस्था र आयोगको कार्यसञ्चालनको लागि जारी गरिएका *अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४* र *राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४* मा भएका व्यवस्थाको विश्लेषणमा यो अध्ययन केन्द्रित छ ।

# २. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यजिम्मेवारी

संविधानको धारा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको संरचना र पदाधिकारीबारे व्यवस्था छ । संघीय सरकार मन्त्रिपरिषद्को पुस १३, २०७४ को निर्णयबाट आयोगको कार्यालय स्थापना भयो । तर आयोगमा अध्यक्षको नियुक्ति चैत ७, २०७५ मा भयो । आयोगको कार्यसञ्चालनका लागि विभिन्न सेवा समूहका ४९ दरबन्दी सहितका कर्मचारी रहने व्यवस्था गरिएको छ । आयोगमा अध्यक्षसहित बढीमा पाँच जना सदस्य रहने व्यवस्था छ । हाल आयोगमा अध्यक्ष सहित चार जना सदस्य छन् । संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले छ वर्षको लागि सदस्य नियुक्त गर्छ ।[४]

संविधानको धारा २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार उल्लेख छ । संविधानले आयोगलाई निम्न कार्यजिम्मेवारी तोकेको छ ।

क) संविधान र कानून बमोजिम संघीय सञ्चित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

---

[१] संविधानको धारा ५७ ।

[२] संविधानको धारा ५८ ।

[३] महालेखा नियन्त्रक कार्यालय । २०७९ । नेपाल सरकारको आय-व्ययको वार्षिक विवरण आ.व २०७८/७९, भाग १ (मुल आर्थिक विवरण) । https://fcgo.gov.np/storage/uploads/publications/20221209113148_20221125152034_Excel%20Part_merged_compressed.pdf मा उपलब्ध ।

Asian Development Bank, 2022. *Strengthening Fiscal Decentralization in Nepal's Transition to Federalism*. Manila: Asian Development Bank.

[४] संविधानको धारा २८४ मा प्रधान न्यायधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न संवैधानिक परिषद् रहने व्यवस्था छ । जसमा प्रधानमन्त्रीको अध्यक्षतामा, प्रधान न्यायधीश, प्रतिनिधि सभाको सभामुख, उपसभामुख, प्रतिनिधि सभाको विपक्षी दलको नेता, राष्ट्रिय सभाको अध्यक्ष सदस्य रहन्छन् ।

ख) संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने,

ग) राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने,

घ) प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

ङ) संघ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने र राजस्व असुलीमा सुधार गर्नु पर्ने उपायहरूको सिफारिस गर्ने,

च) समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने,

छ) संघ र प्रदेश सरकारको राजस्व बाँडफाँट आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,

ज) प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने,

झ) प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीच उठ्न सक्ने संभावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने।

संविधानले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी संघ सरकारलाई सिफारिस गर्नुपर्ने व्यवस्था उल्लेख छ । यसबाहेक आयोगका अन्य काम कर्तव्य र अधिकार, प्राकृतिक स्रोतको परिचालन गर्दा वा राजस्वको बाँडफाँट गर्दा अपनाउनुपर्ने विस्तृत आधार र मापदण्ड, पदाधिकारीको सेवाका शर्त लगायत व्यवस्था संघीय कानून बमोजिम हुने व्यवस्था छ ।[५]

[५] संविधानको धारा २५० ।

## ३. अन्तर सरकारी वित्त हस्तान्तरण

संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्व, अनुदान, प्राकृतिक स्रोतको रोयल्टी, वैदेशिक सहायता तथा आन्तरिक ऋणको माध्यमबाट वित्त हस्तान्तरण हुन्छ । यसरी हुने वित्त हस्तान्तरणमा राजस्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान र सशर्त अनुदान, प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट, र आन्तरिक ऋणमा राष्ट्रिय प्राकृति स्रोत तथा वित्त आयोगको भूमिकाबारे यस पछिका खण्डमा चर्चा गरिएको छ ।

### *३.१ राजस्व वितरण*

राजस्वबाट हुने आम्दानीलाई तीनै तहमा न्यायोचित वितरण गर्नुपर्ने संवैधानिक व्यवस्था छ । वितरण गर्नुपर्ने राजस्व संघीय विभाज्य कोषमा जम्मा हुन्छ ।[६] संघीय विभाज्य कोषमा जम्मा भएको राजस्वबाट संघ सरकारले पाउने रकम संघीय सञ्चित कोषमा, प्रदेशहरूले पाउनुपर्ने रकम प्रदेश विभाज्य कोष, र स्थानीय तहहरूले पाउनुपर्ने रकम स्थानीय विभाज्य कोषमा जम्मा हुन्छ ।[७] प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम सातै प्रदेशको सञ्चित कोषमा हस्तान्तरण हुन्छ । त्यसै गरी स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम ७५३ स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण हुन्छ ।[८]

तीन तहका सरकारको राजस्व संकलन जिम्मेवारी संविधानको अनुसूचीमै एकल र साझा अधिकार हुने गरी उल्लेख गरिएको छ (तालिका १) । कर तथा गैरकर राजस्व संकलनको जिम्मेवारी हेर्दा आम्दानी बढी हुने स्रोतहरू संघ सरकार मातहत छन् । नेपालको कुल राजस्व आम्दानीमा संघ मातहत रहेका कर तथा गैरकर राजस्व शीर्षकको योगदान ८०% भन्दा बढी छ ।

[६] *अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४* को दफा ६ (१) ।

[७] विभाज्य कोष, सञ्चित कोषको संरक्षक तथा नियन्त्रक महालेखा नियन्त्रकको कार्यालय हुन्छ ।

[८] *अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४* को दफा ६ (२), (३), (४), (५), (६) ।

**तालिका १ : कर तथा गैरकर राजस्व संकलन सम्बन्धी तीन तहका सरकारको क्षेत्राधिकार**

<table>
<tr><th>तह</th><th>एकल अधिकार</th><th>दुई तहका साझा अधिकार (अनुसूची ७)</th><th>तीन तहका साझा अधिकार (अनुसूची ९)</th></tr>
<tr><td>संघ (अनुसूची ५)</td><td>भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आय कर, व्यक्तिगत आय कर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड तथा जरिवाना, जुवा/चिठ्ठा क्यासिनो</td><td></td><td rowspan="3">प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना</td></tr>
<tr><td>प्रदेश (अनुसूची ६)</td><td>घर र जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड तथा जरिवाना</td><td rowspan="2">घर र जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर</td></tr>
<tr><td>स्थानीय (अनुसूची ८)</td><td>सम्पत्ती कर, घर र जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमि कर (मालपोत), विज्ञापन कर, व्यवसाय कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड तथा जरिवाना</td></tr>
</table>

*स्रोत : नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४।*

कर तथा गैरकर राजस्वका स्रोत संघ सरकारमा केन्द्रित गरिएकोले प्रदेश र स्थानीय सरकारमा राजस्वका स्रोत निकै कम छन्। तर राजस्व स्रोतको तुलनामा खर्चको जिम्मेवारी प्रदेश र स्थानीय तहलाई बढी छ। संविधानले सबै किसिमका राजस्व तीनै तहका सरकारबीच वितरण गर्नुपर्ने प्रावधान गरे तापनि *अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४* ले भने मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्कबाट भएको आम्दानी मात्र तीनै तहका सरकारलाई वितरण गर्ने व्यवस्था बनाएको छ।[९] त्यसमाथि पनि उक्त आम्दानीलाई संघले ७०%, सात प्रदेशले १५% र ७५३ स्थानीय तहले १५% पाउने गरी ऐनले तोकिदिएको छ। यसले साधन स्रोतको न्यायोचित वितरणको आधार र ढाँचा निर्धारण गर्ने आयोगको संवैधानिक भूमिकालाई नै निस्तेज गऱ्यो। साथै, राजश्वको असमान वितरणले प्रदेश र स्थानीय तहलाई संघप्रतिको निर्भरतालाई कायम नै राख्यो।

मुल्य अभिवृद्धि कर र अन्तः शुल्कबाट प्राप्त राजस्व वितरणका आधार *राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४* मा नै उल्लेख छ। ती आधार वा सूचक जनसङ्ख्या र जनसांख्यिक विवरण, क्षेत्रफल, मानव विकास सूचाकाङ्क, खर्चको आवश्यकता, राजश्व संकलनमा गरेको प्रयास, पूर्वाधार विकास, विशेष अवस्था रहेका छन्। ऐनमा उल्लेख गरिएका आधार/सूचकलाई उपसूचकमा वर्गीकरण गर्ने र अंकभार दिने काम आयोगले गरेको छ (तालिका २)।

[९] *अन्तर सरकारी वित्त व्यस्थापन ऐन, २०७४* को दफा ६।

**तालिका २ : आयोगले प्रदेश र स्थानीय तहका लागि राजस्व बाँडफाँट (मू.अ.क. र अन्त: शुल्क) सूचकमा दिएको भार**

| क्र.सं. | राजस्व बाँडफाँट गर्दा लिइएका आधार (सूचक) | आ.व. २०७७/०७८ र २०७८/०७९ | | आ.व. २०७६/०७७ | |
|---|---|---|---|---|---|
| | | सूचकको भार प्रतिशत | उपसूचकको भार प्रतिशत | सूचकको भार प्रतिशत | उपसूचकको भार प्रतिशत |
| १. | जनसंख्या र जनसाङ्ख्यिक विवरण :<br>क) कुल जनसंख्या<br>ख) आश्रित जनसंख्या | ६० | ७०<br>३० | ७० | ८०<br>२० |
| २. | क्षेत्रफल (भूगोल) | १५ | | १५ | |
| ३. | मानव विकास सूचकाङ्क | ५ | | ५ | |
| ४. | खर्चको आवश्यकता | ५ | | | |
| ५. | राजस्व संकलनमा गरेको प्रयास | ३ | | | |
| ६. | पूर्वाधार विकास / न्यून विकास सूचकाङ्क* | १० | क) सडकको घनत्व (सडकमा पहुँच) - ६०<br>ख) विद्युतको सुविधा (विद्युतमा पहुँच) - १०<br>ग) सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच) - १०<br>घ) खानेपानीको सुविधा (खानेपानीमा पहुँच) - १०<br>ङ) सरसफाई (शौचालयको उपलब्धता) - १० | १० | क) पूर्वाधार - ७०<br>ख) सामाजिक तथा आर्थिक विभेद - १०<br>ग) प्रदेशको हकमा तुलनात्मक मूल्य र स्थानीय तहको हकमा खर्चको आवश्यकता र राजस्व क्षमताबीचको अन्तर - २० |
| ७. | विशेष अवस्था :<br>क) अपाङ्गता भएको जनसंख्या<br>ख) आर्थिक सामाजिक असमानता | २ | २०<br>८० | | |
| | जम्मा | | १०० | | |

** आर्थिक वर्ष २०७६/०७७ मा सूचक मानिएको छ।*

*स्रोत : राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदन पहिलो (२०७६), दोस्रो (२०७७) र तेस्रो (२०७८)।*

### *सवारी साधन कर वितरण*

सवारी साधन कर प्रदेश र स्थानीय तहको बीचमा क्रमशः ६०% र ४०% का दरले बाँडफाँट गर्नु पर्ने कानुनी व्यवस्थामा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश भित्रका स्थानीय तहलाई बाँडफाँट गर्नुपर्ने रकमको तीन सूचक—जनसंख्या, सडकको लम्बाई र वनले ढाकेको क्षेत्रफल—का आधारमा प्रतिशत कायम गरेर सिफारिस गरेको छ। तालिका ३ मा उल्लेख गरिएअनुसार नै प्रदेश सरकारले स्थानीय तहलाई रकम हस्तान्तरण गर्छ।

**तालिका ३ : आयोगले सवारी साधन कर सिफारिस गरेको सूचक र भार (सात प्रदेश)**

| क्र.सं. | आर्थिक वर्ष | सूचक | | |
|---|---|---|---|---|
| | | जनसंख्या | सडकको लम्बाई | वनले ढाकेको क्षेत्रफल |
| १. | २०७६/०७७ | ५० | ४५ | ५ |
| २. | २०७७/०७८ | ५० | ४५ | ५ |
| ३. | २०७८/०७९ | ४५ | ४५ | १० |

*स्रोत : राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सात प्रदेशको वार्षिक प्रतिवेदन (२०७६), दोस्रो (२०७७) र तेस्रो (२०७८)।*

यसरी एकपटक निर्धारण गरेका आधार र ढाँचा पाँच वर्षको लागि मान्य हुन्छ । तर ऐन लागू भएको पहिलो पटकका लागि पाँच वर्ष अगावै पुनरावलोकन गर्न आवश्यक देखेमा संघ सरकारले आयोगलाई अनुरोध गर्न सक्छ । पहिलो पटक निर्धारण गरेका आधार तथा अंकभारमा आयोगले हेरफेर गरिसकेको छ (तालिका २ र ३)। पहिलो पटक निर्धारण भइसकेको विस्तृत आधार र ढाँचा पाँच वर्षमा एक पटकभन्दा बढी पुनरावलोकन गर्न नपाइने व्यवस्था छ।[१०]

## ३.२ अनुदान वितरण

संघ सरकारबाट प्रदेश र स्थानीय सरकारलाई वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानमार्फत अनुदान वितरण हुने व्यवस्था छ । त्यसै गरी प्रदेशले पनि प्रदेश अन्तर्गतका स्थानीय तहमा प्रदेश कानून बमोजिम चारै किसिमका अनुदान वितरण गर्छ।[११] राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले वित्तीय समानीकरण र सशर्त अनुदान सिफारिस गर्छ।

### ३.२.१ वित्तीय समानीकरण अनुदान

वित्तीय समानीकरण अनुदान संघ सरकारले प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वितरण गर्छ।[१२] प्रदेशले पनि संघ सरकारबाट प्राप्त अनुदान र प्रदेशको आन्तरिक आम्दानीबाट उठेको राजस्वलाई आयोगकै सिफारिसमा स्थानीय तहलाई वितरण गर्छ ।[१३] समानीकरण अनुदान प्रदेश र स्थानीय तहले आफ्नो प्राथमिकताअनुसार खर्च गर्न पाउँछन् । प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्वबाट प्राप्त आम्दानीको अन्तरलाई यो अनुदानले पूरकको काम गर्छ । समानीकरण अनुदान सिफारिसका लागि आयोगले तीन आधार तयार गरेको छ जसमा न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान र कार्यसम्पादनमा आधारित अनुदान रहेका छन्।

#### न्यूनतम अनुदान

आयोगले प्रदेश तथा स्थानीय तहलाई न्यूनतम प्रशासनिक खर्च धान्न सहयोग पुग्ने गरी न्यूनतम अनुदान सूचक तय गरेको छ। प्रदेशको हकमा आयोगले भूगोल र जनसंख्यालाई मुख्य आधार मानेर प्रदेशको वर्गीकरण गरी पाउनुपर्ने न्यूनतम अनुदानको हिस्सा तोकेको छ। प्रदेशको जनसङ्ख्या र क्षेत्रफललाई समान भार (५०/५०%) दिएको छ।

तर स्थानीय तहको वर्गीकरणमा आयोगले जनसंख्यालाई आधार मानेको छ। प्रदेशमा जस्तै स्थानीय तहमा पनि जनसंख्या र भुगोल दुवैलाई आधार मान्दा स्थानीय तहले पाउने रकममा ठूलो अन्तर र असमानता आउने देखिएकोले जनसंख्यालाई मूल आधार

[१०] *राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग ऐन,* २०७४ को दफा १५ (१), (२), (३), (४)।

[११] संविधानको धारा ६० (४), (६), र *अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,* २०७४ को दफा ८, ९, १० र ११।

[१२] संविधानको धारा ६० (४) ।

[१३] संविधानको धारा ६० (५)।

मानिएको आयोगका एक सदस्यले बताए । यस वर्गीकरणअनुसार १० हजारभन्दा कम जनसङ्ख्या भएका स्थानीय तहलाई न्यूनतम दुई करोड ५० लाख अनुदान तोकेको छ । त्यसपछि १० हजारदेखि एक लाखसम्म जनसंख्या भएका स्थानीय तहलाई हरेक १० हजारको अन्तरमा वर्गीकरण गरेको छ । यी समूहमा परेका स्थानीय तहलाई दुई करोड ७५ लाखबाट शुरू भएर हरेक १० हजारको फरकमा २५ लाख रकम थप्दै जाने सिफारिस गरेको छ । एक लाखभन्दा बढी जनसंख्या भएका स्थानीय तहलाई क्रमशः १५०००, २५०००, १००००, ५००००, १०००००, २००००० को अन्तरमा वर्गीकरण गरेको छ र त्यसअनुसार रकम थप्दै लगेको छ (तालिका ४)।

**तालिका ४ : आर्थिक वर्ष २०७७/०७८ र २०७८/०७९ को न्यूनतम वित्तीय समानीकरण अनुदान सिफारिस**

| क्र.सं. | जनसङ्ख्या | स्थानीय तहको सङ्ख्या | न्यूनतम अनुदान (लाखमा) |
|---|---|---|---|
| १ | १०,००० भन्दा कम | ४६ | २५० |
| २ | १०,००० देखि २०,००० सम्म | १९१ | २७५ |
| ३ | २०,००० देखि ३०,००० सम्म | २०६ | ३०० |
| ४ | ३०,००० देखि ४०,००० सम्म | १२० | ३२५ |
| ५ | ४०,००० देखि ५०,००० सम्म | ७३ | ३५० |
| ६ | ५०,००० देखि ६०,००० सम्म | ४३ | ३७५ |
| ७ | ६०,००० देखि ७०,००० सम्म | २६ | ४०० |
| ८ | ७०,००० देखि ८०,००० सम्म | १४ | ४२५ |
| ९ | ८०,००० देखि ९०,००० सम्म | ९ | ४५० |
| १० | ९०,००० देखि १,००,००० सम्म | १ | ४७५ |
| ११ | १,००,००० देखि १,१५,००० सम्म | ७ | ५०० |
| १२ | १,१५,००० देखि १,४०,००० सम्म | २ | ७७५ |
| १३ | १,४०,००० देखि १,५०,००० सम्म | ६ | ८२५ |
| १४ | १,५०,००० देखि २,००,००० सम्म | ३ | ८५७ |
| १५ | २,००,००० देखि ३,००,००० सम्म | ४ | १०० |
| १६ | ३,००,००० देखि ५,००,००० सम्म | १ | १०२५ |
| १७ | ५,००,००० भन्दा बढी | १ | ११२५ |

*स्रोत : राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको दोस्रो (२०७७) र तेस्रो (२०७८) वार्षिक प्रतिवेदन ।*

## सूत्रमा आधारित अनुदान

*राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४* को दफा १६(१) मा उल्लेख गरिएका सूचकको आधारमा गरिने वित्तीय समानीकरण हस्तान्तरणलाई आयोगले सूत्रमा आधारित अनुदानको रूपमा व्याख्या गरेको छ । ती आधार/सूचक प्रदेश तथा स्थानीय तहको शिक्षा, स्वास्थ्य, खानेपानी; प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था; प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था; प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता; प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा; प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता र प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता हुन् । आयोगले यी सूचकलाई फरक फरक अंकभार दिएको छ (तालिका ५)।

**तालिका ५ : आयोगले आर्थिक वर्ष २०७७/०७८ र २०७८/०७९ अनुदान सिफारिस गर्दा अपनाएको आधार र ढाँचा****

| क्र.सं. | आधार (सूचक) | ढाँचा (भार प्रतिशत) | आन्तरिक ढाँचा (उपसूचक भार प्रतिशत) |
|---|---|---|---|
| १. | मानव विकास सूचकाङ्क | १० | |
| २. | आर्थिक सामाजिक असमानता | ५ | |
| ३. | पूर्वाधार विकासको अवस्था<br>क) सडकको घनत्व (सडकमा पहुँच)<br>ख) विद्युतको सुविधा (विद्युतमा पहुँच)<br>ग) सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच<br>घ) खानेपानीको सुविधा (खानेपानीमा पहुँच)<br>ङ) सरसफाई | १० | <br>६०<br>१०<br>१०<br>१०<br>१० |
| ४. | राजस्वको अवस्था | ५ | |
| ५. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | ७० | |
| | **जम्मा** | **१००** | |

** आर्थिक वर्ष २०७६/७७ मा आयोगले छनोट गरेका सूचक र तिनको भार फरक छ। प्रदेशको हकमा छानिएका सूचकहरू सेवा लागत सूचकाङ्क ६०%, बहुआयामिक गरीबी सूचकाङ्क १५%, आर्थिक सामाजिक विभेद सुचकाङ्क १५% र पूर्वाधार सूचकाङ्क १०% सिफारिस गरेको छ भने स्थानीय तहको हकमा खर्चको आवश्यकता र राजस्व क्षमता बीचको अन्तर ७०%,गरीबी सूचकाङ्क १५%, आर्थिक सामाजिक विभेद सूचकाङ्क ५% र पूर्वाधार सूचकाङ्क १०% (राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग। २०७६। *राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पहिलो वार्षिक प्रतिवेदन २०७६*, पृष्ठ ३५। काठमाडौं : राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।)।

## कार्यसम्पादनमा आधारित अनुदान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३(२) अनुसार आयोगले प्रदेश र स्थानीय तहका सात कार्यसम्पादनलाई सूचक बनाएको छ।[१४] यस अनुदानको उद्देश्य प्रदेश तथा स्थानीय तहलाई उच्च कार्यसम्पादनका लागि प्रोत्साहन गर्ने रहेको आयोगका एक सदस्यले बताए।

[१४] प्रदेशका सात सूचक – १) प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वितरण सम्बन्धी कानून तर्जुमा गरेको वा नगरेको (१३%), २) प्रदेशबाट स्थानीय तहलाई प्रदान गरिने सशर्त अनुदान वितरण सम्बन्धी प्रदेश कानून तर्जुमा गरेको वा नगरेको (१३%), ३) आगामी आर्थिक वर्षको लागि आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पेश गरेको वा नगरेको (१३%), ४) आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सहितको कुल राजस्व रकमबाट प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माणका कार्यमा उपयोग गरेको अवस्था भएको वा नभएको (१३%), ५) बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी विवरण कात्तिक मसान्त भित्रमा सार्वजनिक गरेको वा नगरेको (१३%), ६) आफूले गरेको आय-व्ययको चौमासिक विवरण तोकिएको समय (चौमासिक अवधि समाप्त भएको ३० दिन) भित्र सङ्घीय अर्थ मन्त्रालय समक्ष पेश गरेको वा नगरेको (१३%), ७) गत आर्थिक वर्षको खर्चको प्रगति प्रतिशत (२२%)।

स्थानीय तहका सात सूचक – १) स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय-व्ययको प्रक्षेपण गरेको तथ्यांक सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पेश गरेको वा नगरेको (१०%), २) चालु आर्थिक वर्षको असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमानित विवरण (बजेट सम्बन्धी) गाउँ वा नगर सभामा पेश गरेको वा नगरेको (२५%), ३) आफुले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सहितको कुल राजस्व रकमबाट प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माणका कार्यमा उपयोग गरे वा नगरेको (१०%), ४) पछिल्लो आर्थिक वर्षको आय-व्यय विवरणको अन्तिम लेखा परीक्षण भए वा नभएको (२५%), ५) बजेट कार्यान्वयनको वार्षिक समीक्षाको विवरण कात्तिक मसान्तभित्र सार्वजनिक गरेको वा नगरेको (१)%), ६) गत आर्थिक वर्षको खर्चको प्रगति प्रतिशत (१०%), ७) आफूले गरेको आय-व्ययको चौमासिक शीर्षकगत विवरण तोकिएको समयभित्र संघीय अर्थ मन्त्रालयमा, प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पेश गरेको वा नगरेको (१०%)।

### *३.२.२ सशर्त अनुदान*

योजना कार्यान्वयन गर्नका लागि संघले प्रदेश र स्थानीय तहलाई सशर्त अनुदान दिने व्यवस्था छ । त्यसै गरी प्रदेशले पनि स्थानीय तहलाई सशर्त अनुदान दिन्छ । यसका लागि आयोगले राष्ट्रिय नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने, राष्ट्रिय मानक स्थापित गर्ने वा सोको सुनिश्चितता गर्ने र प्रदेश तथा स्थानीय तहमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने विषयलाई अध्ययन गरी सशर्त अनुदानको आधार तयार पारेको छ ।[15] यी विषयलाई आयोगले व्याख्या गरी तल उल्लेखित अवस्थामा सशर्त अनुदान दिन सकिने सुझाव दिएको छ ।

१) कुनै योजना प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी एवम् सेवा प्रवाहका दृष्टिले प्रभावकारी हुने देखिएमा ।

२) नेपाल सरकारले जारी गरेको राष्ट्रिय नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा मूलतः नेपाल सरकारको कार्यजिम्मेवारीमा रहेको कुनै आयोजना वा कार्यक्रमलाई प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने अवस्था भएमा ।

३) नागरिकका मौलिक हकको कार्यान्वयन तथा राज्यको तर्फबाट आम नागरिकलाई उपलब्ध गराउनुपर्ने आधारभूत सेवा सुविधाको सम्बन्धमा नेपाल सरकारबाट तय भएका न्यूनतम राष्ट्रिय मानकलाई प्रदेश वा स्थानीय तहमा उपलब्ध अन्य वित्तीय स्रोतबाट कार्यान्वयन वा स्थापित गराउन नसकिने अवस्थामा ।

४) साबिकमा नेपाल सरकारबाट निर्माण कार्य आरम्भ भएका र सङ्घीयता कार्यान्वयनसँगै प्रदेश वा स्थानीय तहको अधिकारमा परेका पूर्वाधार निर्माण सम्बन्धी क्रमागत वा अधुरा आयोजनालाई पूर्णता दिन आवश्यक रकम सशर्त अनुदानको रूपमा सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउन सक्ने । तर संविधानले गरेको व्यवस्था अनुरूप प्रदेश वा स्थानीय तहको एकल अधिकारको विषय अन्तर्गतका कुनै पनि नयाँ आयोजना वा कार्यक्रमलाई पूरानो क्रमागत आयोजना वा कार्यक्रमको निरन्तरताको रूपमा लिएर कार्यविस्तार गर्दै सशर्त अनुदान प्रदान हुन सक्ने सम्भावनालाई नियन्त्रण गर्नुपर्ने ।

५) वैदेशिक सहायताबाट सञ्चालन हुने कुनै आयोजना वा कार्यक्रम प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी एवम् सेवा प्रवाहका दृष्टिले प्रभावकारी हुने देखिएमा ।

६) साबिकमा नेपाल सरकारबाट नियुक्त कर्मचारी हाल प्रदेश वा स्थानीय तहको कार्यक्षेत्र भित्रको सेवामा संलग्न रहेका कर्मचारीको पारिश्रमिक र सेवा सुविधा बापतको रकम सम्बन्धित प्रदेश वा स्थानीय तहमा उपलब्ध अन्य वित्तीय स्रोतबाट व्यवस्थापन हुने अवस्था नरहेको पर्याप्त पुष्ट्याइँ र आधार रहेको अवस्थामा ।

७) आर्थिक, सामाजिक तथा पूर्वाधार विकासको राष्ट्रिय औसत स्तरभन्दा सारभूतरूपमा पछाडि रहेका प्रदेश वा स्थानीय तहमा विकासको त्यस्तो निश्चित विषयक्षेत्रलाई सम्बोधन गर्ने रणनीतिक महत्वका आयोजना वा कार्यक्रम सञ्चालन गर्न नतिजा सूचकमा आधारित रहेर सशर्त अनुदान उपलब्ध गराउन सक्ने ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको तेस्रो वार्षिक प्रतिवेदन २०७८ अनुसार सशर्त अनुदानतर्फ स-साना, टुक्रे कार्यक्रम/आयोजना/परियोजनामा निरन्तर रूपमा नेपाल सरकारले सशर्त अनुदान पठाउने अभ्यासले प्रदेश तथा स्थानीय तहको आयोजना प्राथमिकीकरण र सञ्चालनको स्वायत्ततामा प्रभाव पारेको छ । सशर्त अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रमको क्रियाकलाप नै तोक्ने कार्य नगरी त्यस किसिमको स्वायत्तता प्रदेश वा स्थानीय तहलाई नै हुने गरी क्षेत्रगत शर्तहरू र आयोजना/कार्यक्रमको लक्ष्य तथा अपेक्षित उपलब्धि जस्ता विषयहरू मात्र तोकेर उपलब्ध गराउनु आवश्यक छ । प्रदेश र स्थानीय तहको वित्तीय स्वायत्ततालाई टेवा दिँदै सशर्त अनुदानको हिस्सा क्रमश: कम गर्दै वित्तीय समानीकरण अनुदानको हिस्सा बढाउँदै लैजानुपर्ने आयोगले सुझाएको छ ।[16] तर बितेका आर्थिक वर्षमा तुलनात्मक रूपमा प्रदेशमा समानीकरण अनुदान बढेको र सशर्त अनुदान घटेको थियो भने स्थानीय तहमा समानीकरण अनुदान घटेको र सशर्त अनुदान बढेको थियो ।[१७]

[१५] संविधाको धारा २५१ (१) (ग) ।

[१६] संघ सरकारले प्रदेश र स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानका लागि आयोगले कार्यान्वयनका लागि सिफारिस गरेका आधारहरूको पूर्ण पालनाको सुनिश्चितता हुनपर्ने सुझाव आयोगको प्रतिवेदनमा उल्लेख छ (राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग । २०७८ । *राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको तेस्रो वार्षिक प्रतिवेदन* २०७८, पृष्ठ १३८ । काठमाडौं : राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ।) ।

[१७] राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग । २०७८ । *राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको तेस्रो वार्षिक प्रतिवेदन* २०७८, पृष्ठ १३३ र १३४ । काठमाडौं : राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ।

*अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४* ले आयोगलाई समपूरक र विशेष अनुदान हस्तान्तरणमा भूमिका दिएको छैन।[१८] आयोगले ती अनुदानको हस्तान्तरणको जानकारी वित्तीय समानीकरण अनुदान सिफारिसको अगावै प्राप्त नगर्ने हुँदा ती अनुदानले के कति वित्तीय अन्तर सम्बोधन गर्न सक्दछन् र वित्तीय समानीकरण अनुदानको चाप कति घटाउन सकिन्छ भन्ने यकिन गर्न नसकेको आयोगको भनाइ छ। यसकारण आयोगले ती अनुदानको हस्तान्तरण र उपयोगको विवरण उपलब्ध गराउन सरकारलाई सुझाव दिएको छ।

## ३.३ प्राकृतिक स्रोतको रोयल्टी वितरण

प्राकृतिक स्रोतको परिचालन र विकासबाट प्राप्त हुने रोयल्टीको वितरण तीनै तहका सरकारबीच समन्यायिक हुनुपर्ने संविधानले भनेको छ। *अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४* मा प्राकृतिक स्रोतलाई पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, र पानी तथा अन्य प्राकृतिक स्रोत भनेर तोकेको छ। यी स्रोतबाट प्राप्त रोयल्टीको ५०% संघ सरकारले, २५% सम्बन्धित प्रदेश सरकारले र २५% सम्बन्धित स्थानीय तहले पाउँछन्।

संविधानले आयोगलाई प्राकृतिक स्रोतको परिचलान गर्दा संघ, प्रदेश र स्थानीय तहको प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने अधिकार दिएको छ। तर प्रतिफलको हिस्सा *अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४* ले नै तोकिदियो। *राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४* ले पनि हिस्सा निर्धारणका आधार आयोगले नै तोक्ने भनेको छ। सम्बन्धित प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतबाट प्राप्त गर्ने २५% अन्तर प्रदेश वा अन्तर स्थानीय तहबीच वितरण गर्नु पर्ने भएमा प्रभावित भएको क्षेत्रको अनुपात निर्धारण गरी प्रतिफलको हिस्सा मात्र आयोगले सिफारिस गर्छ।[१९] साथै आधारका अंकभार निर्धारण पनि आयोगले गरेको छ (तालिका ६)।

**तालिका ६ : प्राकृतिक स्रोतको रोयल्टी वितरणका आधार र अंकभार**

| क्र.सं. | आधार | पर्वतारोहण | विद्युत | वन | | खानी तथा खनिज |
|---|---|---|---|---|---|---|
| | | | | राष्ट्रिय वन | संरक्षित क्षेत्र | |
| १. | भौगोलिक अवस्थिति | ४०% | ५०% | २०% | १० | ५०% |
| २. | आधार शिविर | १०% | - | - | - | - |
| ३. | प्रभावित क्षेत्रको क्षेत्रफल (स्थानीय तह) | २५% | २५% | २०% | ४०% | ३०% |
| ४. | प्रभावित क्षेत्रको जनसंख्या (स्थानीय तहको जनसंख्या) | २५% | २५% | ५०% | ३५% | २०% |
| ५. | दिगो व्यवस्थापन | - | - | १०% | १५% | - |
| | **जम्मा** | **१००** | **१००** | **१००** | **१००** | **१००** |

*स्रोत : राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको तेस्रो वार्षिक प्रतिवेदन २०७८*

## ४. आन्तरिक ऋणका लागि आयोगको सिफारिस

संघ, प्रदेश र स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सीमामा रहेर आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। प्रदेश र स्थानीय तहले ऋण लिँदा आयोगको सिफारिसका साथै संघ सरकारको सहमति पनि लिनु पर्ने व्यवस्था

[१८] **समपूरक अनुदान** - संघ सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न प्रदान गर्ने अनुदान हो। समपूरक अनुदान प्रदान गर्दा योजनाको सम्भाव्यता, लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति, योजनाको आवश्यकता र प्राथमिकता जस्ता आधारहरू लिइन्छ। यो कुनै योजनाको कुल लागतको अनुपातका आधारमा प्रदान गरिन्छ।

**विशेष अनुदान** - संघ सरकारले शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने, अन्तरप्रदेश र अन्तरस्थानीय तहको सन्तुलित विकास गर्ने तथा आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्नेजस्ता उद्देश्य राखी प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि प्रदान गरिने अनुदान विशेष अनुदान हो। प्रदेशले पनि स्थानीय तहलाई प्रदेश कानूनबमोजिम विशेष अनुदान प्रदान गर्न सक्छ।

[१९] संघ, प्रदेश र स्थानीय तहलाई प्रदान गरिने प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी हेरफेर गर्नुपर्ने व्यस्था छ। अन्तर सरकारी वित्त व्यस्थापन ऐन २०७४, अनुसूची (४), द्रष्टव्य (२)।

छ।[२०] आयोगले संघ सरकारलाई नेपालको कुल ग्राहस्थ उत्पादनको ५.५% को सीमाभित्र ऋण लिन सक्ने सिफारिस गरेको छ। विगतका वर्षहरूमा संघ सरकारले लिएको ऋण र भुक्तानीको विवरण, आर्थिक सूचक, राजस्वको स्थिति विश्लेषण गरी आयोगले यो सीमा निर्धारण गऱ्यो। प्रदेश सरकारले बितेको आर्थिक वर्षमा संघबाट प्राप्त राजस्व र प्रदेशको आन्तरिक राजस्वको योगफलमा १२% नबढ्ने गरी ऋण लिन सक्ने आयोगले सिफारिस गरेको छ। स्थानीय तहले बितेको आर्थिक वर्षमा संघ र प्रदेशबाट प्राप्त राजस्व तथा स्थानीय तहको आन्तरिक राजस्वको योगफलको १२% नबढ्ने गरी ऋण लिन सक्ने सिफारिस आयोगले गरेको छ।

## ५. निष्कर्ष

संविधानले अन्तर सरकारी वित्तीय हस्तान्तरणको लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गऱ्यो। राजस्व र प्राकृतिक स्रोतको रोयल्टी वितरणको आधार र ढाँचा निर्धारण गर्ने जिम्मेवारी आयोगले गर्ने भनेको छ। तर आधार र ढाँचा निर्धारण *अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४* र *राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४* ले नै गरे। आयोगले ती आधारका अंकभार मात्र निर्धारण गऱ्यो। साथै, आयोगको भूमिका वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानमा मात्रै सिमित गरियो। आयोगलाई समपूरक र विशेष अनुदानमा पनि भूमिका दिने हो भने अनुदान वितरणलाई अझै प्रभावकारी बनाउँदै स्थानीय तह र प्रदेशको स्वयत्ततालाई सघाउन सक्थ्यो।

[२०] ऋण लिँदा प्रदेश र स्थानीय तहले योजना, प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी गर्ने योजना, ऋण दिने संस्थाको विवरण समावेश गरेर संघीय अर्थ मन्त्रालय समक्ष निवेदन पेश गर्नुपर्ने व्यवस्था *अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४* मा छ। प्राप्त निवेदनलाई संघ सरकारले कार्यान्वयन योग्य देखेमा सम्बन्धित प्रदेश वा स्थानीय सरकारलाई आन्तरिक ऋण लिन सहमति दिन सक्छ। प्रदेश सरकारलाई भने कानूनको अधिनमा रहेर ऋणपत्र जारी गरेर पनि आन्तरिक ऋण उठाउन सक्ने अधिकार दिएको छ जुन स्थानीय सरकारलाई छैन। यदि ऋण दिने संस्था संघीय सरकार भएमा संघीय अर्थ मन्त्रालय र सम्बन्धित प्रदेश वा स्थानीय तहबीच सम्झौता हुन्छ। सम्झौताअनुसार तोकिएको समय सीमामा ऋण चुक्ता गर्न नसकेमा संघ सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट उक्त ऋणको  रकम असुली गर्छ। स्थानीय तहको हकमा यस्तो ऋण बढीमा २५ वर्ष सम्मको लागि मात्र लिन पाइन्छ।